नेपाली राजदूतावास, बेइजिङ
尼泊尔驻华大使馆，北京
EMBASSY OF NEPAL, BEIJING

# अन्तरिम अवस्थामा राहदानी सेवा व्यवस्थापन सम्बन्धमा

## अत्यन्त जरूरी सूचना

राहदानी विभागले राहदानी खरिदका लागि नयाँ आपूर्तिकर्तासँग सम्झौता गरी नयाँ प्रणालीमार्फत राहदानी जारी गर्न राहदानी प्रणाली, राहदानी पुस्तिकालगायतको आवश्यक तयारी गरिसकेको र सम्भवतः २०८३ जेठ महिनामा हालको प्रणालीबाट नयाँ प्रणालीमा राहदानी सेवा रुपान्तरण हुनेछ।

नयाँ प्रणाली कार्यान्वयन भएपश्चात् प्रणाली स्थिरीकरण (Stabilization) हुन १ देखि ३ महिनासम्म समय लाग्ने भएकाले उक्त अन्तरिम अवधिमा राहदानीको आवेदन दिँदा तयार भई जारी हुन हालको भन्दा बढी समय लाग्न सक्ने देखिन्छ।

अतः उक्त अवस्थालाई मध्यनजर गर्दै आगामी २०८३ असोजसम्म राहदानी बनाउनुपर्ने सेवाग्राहीले अन्तरिम अवधि अगावै वा २०८३ वैशाख मसान्तभित्रै यस राजदूतावासमा आवेदन दिई राहदानी सेवा लिन आग्रह गरिन्छ।

नेपाली राजदूतावास, बेइजिङ
२०८२ चैत २ गते

No.1 Xi Liu Jie, San Li Tun, Beijing 100600, People's Republic of China
Tel: (+86 10) 65321795, 65322739 Fax: (+86 10) 65323251
Email: beijing@nepalembassy.org.cn; Web: www.cn.nepalembassy.gov.np